परिचालना समितिका सभापति तथा मूल सचिवज्यूहरू, साथै 91 औँ सार्वजनिक श्री श्री दुर्गा पूजा एवं बडा दशैं समारोह समितिका सभापति, कार्यकारी सभापति, संयुक्त सचिव तथा सम्पूर्ण कार्यसमिति सदस्यहरूप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु। तपाईंहरूकै अमूल्य सहयोग, सदभाव विश्वास तथा सक्रिय सहभागिताका कारण यो ऐतिहासिक समारोह सफलतापूर्वक सम्पन्न हुन सकेको हो।

## निष्कर्ष

अन्त्यमा, धार्मिक आस्था, सामाजिक सदभाव, पारदर्शिता तथा सामुदायिक एकताको भावनालाई अझ सुदृढ बनाउँदै आगामी वर्षहरूमा पनि यस पवित्र परम्परालाई अझ व्यवस्थित, भव्य, अनुकरणीय तथा ऐतिहासिक रूपमा निरन्तरता दिनको निम्ती आफ्नो सहभागिती प्रतिबद्धता व्यक्त गर्दछु।

जय माता दुर्गा।
धन्यवाद।

(पवन खनाल)
मूल सचिव
91 औँ सार्वजनिक श्री श्री दुर्गा पूजा एवं
बडा दशैं समारोह समिति, बान्दरगुडी



# 91 औँ सार्वजनिन श्री श्री दुर्गा पूजा एवं बडा दशैं समारोह समिति, बान्दरगुडी



## मूल सचिवको प्रतिवेदन

**मिति:06-09-2026**

**स्थान: पश्चिम नेपालपडा प्राथमिक विद्यालय प्राङ्गण**

आदरणीय सभापतिज्यू, सम्मानीय उपदेष्टा,अतिथिवर्ग,अग्रज व्यक्तित्वहरू, श्रद्धेय अभिभावकवर्ग, शुभचिन्तक, सल्लाहकार, मन्दिर परिचालन समितिका पदाधिकारीगण, कार्यरत समितिका सदस्यहरू तथा यहाँ उपस्थित सम्पूर्ण श्रद्धालु महानुभावहरू।

सर्वप्रथम, सम्पूर्ण जगतकी जननी, आदिशक्ति माता दुर्गाको चरणमा कोटि:नमन अर्पण गर्दै उहाँको असीम कृपा, आशीर्वाद तथा संरक्षणप्रति हार्दिक श्रद्धाभावना व्यक्त गर्दछु।

आज हामी 91 औँ सार्वजनिन श्री श्री दुर्गा पूजा एवं बडा दशैं समारोहको सफल समापन पश्चात् ,यस ऐतिहासिक तथा गौरवमय यात्राको समीक्षा गर्ने पावन अवसरमा एकत्रित भएका छौँ। यस अवसरमा समारोहलाई सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आर्थिक, भौतिक, नैतिक, बौद्धिक तथा श्रमदानमार्फत सहयोग पुर्याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति हृदयदेखि नै हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु।

विगत वि.सं. 1992 (सन् 1935) मा हाम्रा दूरदर्शी अग्रजहरूको अथक परिश्रम, त्याग, समर्पण र धार्मिक आस्थाको जगतमा स्थापित सार्वजनिन श्री श्री दुर्गा पूजाले आज आफ्नो 91 औँ गौरवशाली यात्रा पूरा गरेको छ। विभिन्न उतार-चढाव, चुनौती तथा समयका अनेकौँ परीक्षाहरूलाई सामना गर्दै यस पवित्र परम्परालाई आजको अवस्थासम्म निरन्तरता प्रदान गर्नुहुने सम्पूर्ण अग्रज, समाजसेवी, बुद्धिजीवी तथा धर्मप्रेमी व्यक्तित्वहरूप्रति हार्दिक सदभवना व्यक्त गर्दछु। साथै,

यस महान अभियानमा योगदान पुर्याई आज हामीबीच नरहनुभएका सम्पूर्ण दिवंगत आत्माहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै उहाँहरूको चिरशान्ति तथा वैकुण्ठवासको कामना गर्दछु।

**हे बुद्धिजिवीगण,**

सलाम एक पटक, बृहत्तर बान्दरगुडी अञ्चल अन्तर्गत बान्दरगुडी, पश्चिम नेपालपाडा, पूर्व नेपालपाडा, काशीपुर, काशीपुर–सिमलेनी, शिमलुबारी लगायतका विभिन्न गाउँहरूलाई एउटै धार्मिक तथा सांस्कृतिक सूत्रमा आबद्ध गर्दै विगत नौ दशकभन्दा लामो समयदेखि माता भगवतीको आराधना, शक्ति उपासना तथा सामाजिक सदभावकको अनुपम उदाहरण प्रस्तुत गर्दै आएको तथ्य सर्वविदित नै छ।

यस वर्ष पनि उक्त गौरवमय परम्परालाई निरन्तरता दिँदै समितिले धार्मिक आस्था, सामाजिक एकता तथा सांस्कृतिक संरक्षणलाई केन्द्रमा राखी विविध धार्मिक, सामाजिक तथा सांस्कृतिक कार्यक्रमहरू भव्यताका साथ सम्पन्न गरेको छ।

विशेष गरि, 91 औँ वर्षको ऐतिहासिक विरासतलाई भावी पुस्तासम्म सुरक्षित रूपमा हस्तान्तरण गर्ने उद्देश्यले सार्वजनिक श्री श्री दुर्गा पूजाको आधिकारिक वेबसाइट (Web Site) निर्माण गरी लोकार्पण गरिएको छ। उक्त वेबसाइटमा पूजाको ऐतिहासिक यात्रा, विगतका सभापति तथा मूल सचिवहरूको विवरण, पूजा सम्पन्न भएका स्थानहरू, मन्दिरहरूको इतिहास, विविध कार्यक्रमका तस्बिरहरू, दाताहरूको अभिलेख तथा अन्य महत्त्वपूर्ण  दस्तावेजहरू समावेश गरिएका छन। यस कार्यले हाम्रो ऐतिहासिक धरोहरलाई डिजिटल अभिलेखका रूपमा संरक्षण गर्ने दिशामा महत्वपूर्ण कोसेढुङ्गा सावित हुनेछ।

यस वर्षको दुर्गा पूजाका लागि आवश्यक सम्पूर्ण दुर्गा माताको प्रतिमा पश्चिम नेपालपाडा निवासी श्रद्धेय श्रीमान् राजु योगीज्यूले आफ्नी मामातामय आमा स्वर्गीय मनमाया योगीको पुण्यस्मृतिमा दान गर्नुभएकोमा समिति उहाँ तथा उहाँको सम्पूर्ण परिवारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछ। माता भगवतीको असीम कृपा सदैव उहाँहरूमाथि रहिरहोस् भन्ने कामना गर्दछौँ।



| | |
|---|---|
| **सर्वमूख आय** | **रु. 472,360.00** |
| **सर्वमूख व्यय** | **रु. 414,954.00** |
| **रहल ( बाँकी )** | **रु. 57,406.00** |

समितिको कुल आमदानी रु. 4,72,360.00 (अक्षरमा चार लाख बहत्तर हजार तीन सय साठी रुपैयाँ मात्र) रहेको छ। उक्त रकम दाताहरूको उदार सहयोग, चन्दा सङ्कलन तथा अन्य वैधानिक स्रोतहरूबाट प्राप्त भएको हो। समितिको कुल व्यय रु. 4,14,954.00 (अक्षरमा– चार लाख चौध हजार नौ सय चौवन्न रुपैयाँ मात्र) भएको छ। उक्त रकम घटस्थापना, नवरात्र पाठ, पूजा सामग्री, मण्डप निर्माण, विद्युत् सजावट, सांस्कृतिक कार्यक्रम, ध्वनि व्यवस्थापन, प्रचारङ्कप्रसार, प्रशासनिक कार्य, वेबसाइट निर्माण तथा अन्य आवश्यक कार्यहरूमा खर्च गरिएको छ। यसरी सम्पूर्ण आयङ्कव्ययको हिसाब–किताब अनुसार समितिसँग रु. 57,406.00 (अक्षरमा– सन्ताउन्न हजार चार सय छ रुपैयाँ मात्र) मौज्दात रहेको छ। समितिको आयङ्क व्ययको लेखापरीक्षण सम्पन्न भइसकेको छ। लेखापरीक्षणका क्रममा आवश्यक कागजात, बिल, भौचर तथा बैंक विवरणहरूको परीक्षण गरी सम्पूर्ण आर्थिक कारोबार पारदर्शी तथा यथार्थपरक रहेको पुष्टि गरिएको छ। विस्तृत आयङ्कव्यय विवरण छुट्टै लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ, जसको वाचन लेखा परीक्षकज्यूहरू द्वारा गरिनेछ।

**<u>सम्पत्ति तथा अभिलेख</u>**

यस वर्ष समितिले प्रयोग गरेका सम्पूर्ण सामग्री तथा अन्य सम्पत्तिहरूको अद्यावधिक सूची तयार गरिएको छ। प्रयोगयोग्य सम्पूर्ण सामग्रीहरू सुरक्षित रूपमा संरक्षण गरि आगामी कार्यसमितिलाई विधिवत् हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको छ।

**<u>आभार</u>**

यस ऐतिहासिक तथा धार्मिक समारोहलाई सफलतापूर्वक सम्पन्न गर्न मलाई सहयोग पुर्याउनुहुने सम्पूर्ण दातागण, स्थानीयवासी, सरकारी तथा गैरसरकारी निकाय, सुरक्षा निकाय, सञ्चारकर्मी, स्वयंसेवक, सांस्कृतिक कलाकारहरू, सम्पूर्ण मन्दिर

ऐतिहासिक विवरण सङ्कलन तथा अभिलेखीकरण गर्ने कार्य प्रारम्भ गरिएको थियो।

6. 91 औँ सार्वजनिक श्री श्री दुर्गा पूजा समारोह समितिको अन्तिम कार्यकारिणी सभा मिति 28-09-2025 तारिख दुर्गा पूजा परिचालना समितिको कार्यलयामा सु सम्पन्न हुन्छ।

7. मिति 22 सेप्टेम्बर 2025 देखि 2 अक्टोबर 2025 सम्म श्री श्री राधाकृष्ण मन्दिर प्राङ्गणमा घटस्थापना, नवरात्र पाठ, भजन-कीर्तन तथा धार्मिक अनुष्ठानहरू श्रद्धापूर्वक सम्पन्न गरिएका थिए।

8. मिति 29 , 30 सेप्टेम्बर र 1 अक्टोबर 2025 मा पश्चिम नेपालपाडा प्राथमिक विद्यालय प्राङ्गणमा महासप्तमी, महाअष्टमी र महानवमीको धार्मिक अनुष्ठान भजन किर्तन र सन्ध्या आरतिको आयोजना भएको थियो

9. मिति 2 अक्टोबर 2025 मा विजयादशमीको विशेष पूजा सम्पन्न गरी बडा दशैंको पावन अवसरमा श्रद्धालुहरूलाई टीका तथा प्रसाद वितरण गरिएको थियो।

10. मन्दिर परिसर तथा पूजा मण्डपलाई विशेष रूपमा सुसज्जित गर्नुका साथै आकर्षक विद्युत् सजावट तथा गुणस्तरीय ध्वनि व्यवस्थापन गरिएको थियो।

11. महासप्तमीका दिन बृहत्तर बान्दरगुडी अञ्चलका सम्पूर्ण मन्दिर समितिका सभापतिज्यूहरूद्वारा ध्वजारोहण तथा मूल सचिवज्यूहरूद्वारा दीप प्रज्वलन गरिएको थियो। साथै उपस्थित सम्पूर्ण पदाधिकारी तथा महानुभवहरूले स्वर्गीय जुविन गर्गप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो।

12. श्रद्धालुहरूको सहजता तथा सुरक्षालाई मध्यनजर गर्दै सुरक्षा, सरसफाइ, पउने पानी तथा अन्य आवश्यक व्यवस्थापनहरू प्रभावकारी रूपमा सम्पन्न गरिएको थियो।

13. आर्थिक स्रोत सङ्कलनका लागि समितिका सल्लाहकार, उपदेष्टा तथा पदाधिकारीहरूलाई समेटी विभिन्न टोलीहरू गठन गरि परिचालन गरिएको थियो।

14. दुर्गा माताको प्रतिमा विसर्जन कार्यक्रम शान्तिपूर्ण, मर्यादित तथा व्यवस्थित ढङ्गले सम्पन्न गरिएको थियो।

15. मिति 5 र 6 अक्टोबर 2025 मा पश्चिम नेपालपाडा प्राथमिक विद्यालय



प्राङ्गणमा श्री श्री लक्ष्मी पूजा तथा विविध सांस्कृतिक कार्यक्रमहरूको सफल आयोजना गरिएको थियो।

16. मिति 5 अक्टोबर 2025 मा बान्दरगुडी अञ्चलका सल्लाहकार, शुभचिन्तक, उपदेष्टा तथा कार्यरत समितिका सदस्यहरूको परिचय पर्व कार्यक्रम सम्पन्न हुनुका साथै स्थानीय मन्दिर समितिहरूद्वारा विविध सांस्कृतिक प्रस्तुति प्रदान गरिएको थियो।

17. मिति 6 अक्टोबर 2025 को साँझ सार्वजनिक श्री श्री दुर्गा पूजाको 91औँ वर्षे ऐतिहासिक यात्रा समेटिएको आधिकारिक वेबसाइट उपदेष्टा प्राक्तन शिक्षक तथा समाज सेवक श्रीमान् दुर्गा खनालको बाहु बाट लोकार्पण सम्पन्न गरिएको थियो। साथै, समितिद्वारा आमन्त्रित चर्चित गायक कलाकार श्री प्रकाश प्रधानको सांगीतिक प्रस्तुति आकर्षणको केन्द्र बनेको थियो।

18. लक्ष्मी माताको प्रतिमा विसर्जन कार्यक्रम धार्मिक परम्परा तथा मर्यादापूर्ण सफलतापूर्वक सम्पन्न गरिएको थियो।

19. सम्पूर्ण धार्मिक कार्यक्रम सम्पन्न भएपछि पूजा मण्डप तथा छेउ-छाउका क्षेत्रहरूमा विशेष सरसफाइ अभियान सञ्चालन गरिएको थियो।

20. समितिका सम्पूर्ण स्थायी तथा अस्थायी सम्पत्तिहरूको संरक्षण गरि भविष्यका लागि सुरक्षित रूपमा राखिएको छ।

**आर्थिक विवरण ( हिसाब-किताब )**

समितिको सम्पूर्ण आय-व्यय पारदर्शिता, उत्तरदायित्व तथा विधिसम्मत सिद्धान्तका आधारमा सञ्चालन गरिएको छ। प्राप्त प्रत्येक आमदानीलाई अभिलेखीकरण गरिएको छ भने प्रत्येक खर्च सम्बन्धित बिल, भौचर तथा प्रमाणका आधारमा गरिएको छ।

## आय

| | | |
|---|---|---|
| 1. | 90औँ पूजा समितिबाट प्राप्त रकम | रु. 55,928.00 |
| 2. | मुख्यमन्त्रीबाट अनुदान राशि | रु. 10,000.00 |
| 3. | पूर्व नेपालपाडा | रु. 26,908.00 |

| | | |
|---|---|---|
| 4. | कासीपुर सिमलेनी | रु. 37,439.00 |
| 5. | पश्चिम नेपालपाडा | रु. 46,608.00 |
| 6. | पश्चिम कासीपुर | रु. 46,015.00 |
| 7. | शिमलबुवारी | रु .27,873.00 |
| 8. | बान्दरगुडी (बकाइनाडाँडा) | रु. 76,656.00 |
| 9. | बान्दरगुडी | रु. 69,125.00 |
| 10. | पुर्वकासीपुर | रु. 28,890.00 |
| 11. | अन्य बान्दरगुडी | रु. 46,918.00 |
| | **सर्वमुठ आय** | **रु. 472,360.00** |

## व्यय

| | | |
|---|---|---|
| 1. | कार्यालय व्यवहारिक सामग्री | रु. 13,200.00 |
| 2. | घटस्थापना | रु. 66,299.00 |
| 3. | पण्डाल विभाग | रु. 117,301.00 |
| 4. | मण्डप पूजा | रु. 42,752.00 |
| 5. | सांस्कृतिक विभाग | रु. 76,800.00 |
| 6. | लक्ष्मी पूजा | रु. 20,180.00 |
| 7. | ब्यानर, पोस्टर, मानपत्र, रसिद बुक अन्याय | रु. 28,070.00 |
| 8. | माटो 10 गाडी | रु. 3,500.00 |
| 9. | स्वच्छ अभियान लगायत हाजिरा | रु. 1,400.00 |
| 10. | पहिलो साधारण सभामा चिया नास्ता आदि | रु. 5,070.00 |
| 11. | वेबसाइट | रु. 40,382.00 |
| | **सर्वमूख व्यय** | **रु. 414,954.00** |



यस वर्ष असमका सुप्रसिद्ध गायक तथा कलाकार स्वर्गीय जुविन गर्गको असामयिक निधनप्रति गहिरो शोक व्यक्त गर्दै उहाँप्रति श्रद्धाञ्जलीस्वरूप दुर्गा पूजाको अवसरमा आयोजना गरिने सम्पूर्ण सांस्कृतिक कार्यक्रमहरू स्थगित गरिएको थियो। पश्चात स्थगित कार्यक्रमहरू श्री श्री लक्ष्मी पूजाको अवसरमा सम्पन्न गर्ने निर्णय समितिले गरेको थियो, जसले कलाकारप्रतिको सम्मान र मानवीय संवेदनशीलताको परिचय दिएको छ।

यस अवधिमा समितिद्वारा विभिन्न धार्मिक, प्रशासनिक, सांस्कृतिक तथा व्यवस्थापकीय गतिविधिहरू सफलतापूर्वक सञ्चालन गरिएका छन्, जसको संक्षिप्त विवरण निम्नानुसार प्रस्तुत गरिएको छ। यस वर्ष समितिद्वारा सम्पन्न

## प्रमुख कार्यक्रमहरू

1. 91 औँ वार्षिक साधारण सभामार्फत मिति 9-8-2025 तारिख श्रीमान् दुर्गा बस्नेतज्यूलाई सभापति तथा श्रीमान् पवन खनालज्यूलाई मूल सचिवको जिम्मेवारी प्रदान गर्दै 62 सदस्यीय कार्यरत समिति सर्वसम्मत रूपमा गठन गरिएको थियो।
2. 91 औँ सार्वजनिक श्री श्री दुर्गा पूजा समारोह समितिको प्रथम कार्यकारिणी बैठक मिति 15-08-2025 मा श्री श्री राधाकृष्ण मन्दिर प्राङ्गणमा भव्य रूपमा सम्पन्न भएको थियो।
3. समितिको अस्थायी कार्यालय मिति 25-08-2025 मा पश्चिम नेपालपाडा प्राथमिक विद्यालय प्राङ्गणमा विधिवत् उद्घाटन गरिएको थियो। उक्त कार्यालयको उद्घाटन श्रद्धेय श्रीमान् भगीरथ उपाध्यायज्यू तथा श्रीमान् दुर्गा खनालज्यूद्वारा संयुक्त रूपमा सम्पन्न गरिएको थियो।
4. समितिको दोस्रो कार्यकारिणी बैठक मिति 31-08-2025 मा पश्चिम नेपालपाडा प्राथमिक विद्यालय प्राङ्गणमा सम्पन्न भएको थियो। उक्त बैठकमार्फत श्रीमान् भगीरथ उपाध्यायज्यूको अध्यक्षतामा 25 सदस्यीय इतिहास संकलन तथा तथ्य सङ्ग्रह समिति गठन गरिएको थियो।
5. इतिहास संकलन तथा तथ्य सङ्ग्रह समितिको बैठक मिति 07-09-2025 मा सम्पन्न भई सन् 1935 देखि हालसम्मका सभापति तथा मूल सचिवहरूको